## कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था
## मोरङ । ०७७ वैशाख १४ गते

कोशी अस्पताल विराटनगरमा ०७७ वैशाख १२ गते गरिएको परीक्षणमा झापाका ५० वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टी भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा.समिरकुमार अधिकारीले ५० वर्षीय पुरूषमा सङ्क्रमण भएको विज्ञप्तिमार्फत् सार्वजनिक गर्नु भएको छ । यो सँगै प्रदेश १ मा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ३१ पुगेको छ । उदयपुरका २४ जना,विराटनगरका चार जना,भोजपुरका एक जना र झापाका दुई जना रहेका छन् । प्रदेश १ सरकारले कोरोना भाइरस सङ्क्रमितका लागि सुनसरीको धरानमा एक सय वेडको अस्पताल सञ्चालनमा ल्याएको छ । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा  कोभिड-१९ अस्पतालको वैशाख १४ गते मुख्यमन्त्री शेरधन राई, सामाजिक विकास मन्त्री जीवन घिमिरे, प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीलगायतले निरीक्षण गर्नुभएको छ । प्रदेश १ सभाले १० करोड रुपियाँ बजेट प्रदेश सरकारलाई फिर्ता पठाएको छ । कोरोना भाइरस सङ्क्रमणले गर्दा खर्च हुन सक्ने कार्यक्रम कटौती गरेर विवरण बुझाउन भएको परिपत्र अनुसार प्रदेश सभाले वैशाख १४ गते ९ करोड ९९ लाख १७ हजार रुपियाँ प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई फिर्ता पठाएको हो । पेट दुखेर अस्पताल आउनु भएकी उदयपुरकी एक जना बिरामीलाई विराटनगरस्थित विराट नर्सिङ होमले वैशाख १४ गते उपचार नगरी गेटबाटै फर्काइदिएको छ । जिल्ला प्रशासन कार्यालय सनुसरीले वैशाख १४ गते विज्ञप्ति जारी गरी मुस्लिम समुदायको पर्व रमजान घरमै मनाउन आग्रह गरेको छ । कोरोना जोखिम नियन्त्रणका लागि लकडाउन पूर्ण पालना गर्दै सामाजिक दूरी कायम गरी पर्व मनाउन मुस्लिम समुदायमा अपिल गरेको छ । जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले कोरोना भाइरसको सम्भावित क्षेत्रमा वैशाख १४ गते स्वाब परीक्षणका लागि नमूना सङ्कलन सुरू गरेको छ

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार विराटनगर महानगरपालिकाले लकडाउनका कारण काठमाण्डौंलगायत अन्य क्षेत्रबाट विराटनगरमा बसोवास गरेका सर्वसाधारण तथा विद्यार्थीलाई वैशाख १४ गते गन्तव्यमा पठाएको छ ।  सात ओटा बसमार्फत सामाजिक दूरी कायम गरी १ सय ६० यात्रुलाई गन्तब्य पठाएको हो । करूणा फाउण्डेशनले मोरङका १७ ओटा स्थानीय तहलाई व्यक्तिगत सुरक्षा उपकरण (पीपीइ) दश/दश थान प्रदान गरेको छ । प्रदेशका ७० स्थानीय तहमा ६० लाख रुपियाँ बराबरको स्वास्थ्य सामाग्री प्रदान गरिसकेको फाउण्डेण्शनका सहनिर्देशक योगेन्द्र गिरीले जानकारी दिनुभयो ।
पेट दुखेर अस्पताल आउनु भएकी उदयपुरकी एक जना बिरामीलाई विराटनगरस्थित विराट नर्सिङ होमले उपचार नगरी गेटबाटै फर्काइदिएको छ । पेटको समस्या भएर आउनु भएकी उदयपुर बेलका नगरपालिका-४ रामपुरकी ५२ वर्षीया रत्नमाया तिम्सिनालाई आकस्मिक कक्षमा कार्यरत चिकित्सकले भर्ना नलिई गेटबाटै फर्काइदिएका हुन् । विराट नर्सिङ होमले बिरामी लिन नमानेपछि उनलाई कोशी अस्पताल भर्ना गरिएको छ । यसअघि पनि धनकुटाकी एक महिलाको विराटनगरका निजी अस्पतालले भर्ना गर्न नमान्दा मृत्यु भएको थियो ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार होम क्वारेन्टाइनमा बस्ने शर्तमा गाउँ ल्याइएका खोटाङका दुई जना युवती गाउँ निस्किएपछि प्रहरीले वैशाख १२ गते नियन्त्रणमा लिएको छ । आचारसंहिता पालना गर्दै १४ दिनसम्म होम क्वारेन्टाइनमा बस्ने शर्तमा वैशाख ११ गते काठमाण्डौंबाट ल्याएकामध्ये हलेसी तुवाचुङ नगरपालिका-८ धितुङका १७ र २१ वर्षीया युवतीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका दुवै जनालाई वैशाख १३ गते हलेसी तुवाचुङ नगरपालिका-८ स्थित दलित जनजागरण आधारभूत विद्यालय धितुङको क्वारेन्टाइनमा राखिएको छ । हलेसी तुवाचुङ नगरपालिकाले वैशाख ११ र १२ गते २५ ओटा बस रिजर्भ गरेर १ हजार ३ सय ६९ नागरिकलाई विभिन्न ठाँउबाट उद्दार गरी ल्याएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १४ गते मकालु हिमाल ट्रेकिङका लागि सङ्खुवासभा आएका २५ जनाको खाँदबारीबाट उद्दार भएको छ । ट्रेकिङका लागि आएका २५ जना लकडाउनका कारण अलपत्र परेका थिए । विदेशी पर्यटकको भरियाका रूपमा सङ्खुवासभा आएका २५ जना नागरिकको खाँदबारीबाट उद्दार गरिएको हो । विदेशी पर्यटकका सामान बोकेर ०७६ चैत १० गते २५ जना भरिया भोटखोला गाउँपालिकाको हटिया पुगेका थिए । चैत ११ गतेदेखि लकडाउन भएपछि उनीहरू भोटखोलामा अपलत्र भएका थिए ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार वैशाख १४ गते झापाका ५० वर्षीय पुरूषमा कोरोना भाइरस सङ्क्रमण पुष्टी भएको छ । दमक नगरपालिका-३ का ६२ वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टी भएपछि वैशाख १४ गतेदेखि मेचीनगर नगरपालिकाले आफ्नो क्षेत्रमा कडाई गर्न थालेको छ । भारतको पश्चिम बङ्गालको रानीगञ्ज नाकासँग जोडिएको नेपाल प्रवेशको पूर्वीद्वार मेचीनगरले पश्चिम नाकामा चेकजाँचमा कडाई र आवतजावत गर्ने व्यक्तिहरूमाथि कडा निगरानी बढाएको नगरपालिका प्रमुख विमल आचार्यले बताउनुभयो । झापा उद्योग वाणिज्य सङ्घले तरकारी उत्पादनलाई प्रोत्साहित गर्न निःशुल्क रूपमा तरकारीको बीऊ बिजन वितरण गरेको छ । ६२ वर्षीय पुरूषमा कोरोना भाइरस सङ्क्रमण पुष्टी भएपछि कोरोना फैलिन नदिन दमक नगरपालिका क्षेत्रमा स्वाब सङ्कलन गर्न थालिएको कोरोना भाइरस रोकथाम, उपचार तथा समन्वय अनुगमन समिति झापाका संयोजक सोमनाथ पोर्तेलले जानकारी दिनुभयो ।

**इन्सेक ओखलढुङ्गा जिल्ला प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार स्थानीय तहको पहलमा वैशाख १३ गतेसम्म जिल्लामा ४ हजार बढी नागरिक जिल्ला भित्रिएका छन् । सिद्धिचरण नगरपालिकाले शहरबाट घर आएका व्यक्तिको स्वास्थ्य परीक्षण घरघरै गएर गरेको छ । सिद्धिचरण नगरपालिकाले ५ सय ३४ र खिजीदेम्वा गाउँपालिकाले ५ सय ७३ परिवारलाई राहत वितरण गरेका छन् । मानेभञ्ज्याङ्ग गाउँपालिकाले राहत वितरणको तयारी गरेको छ । सुनकोसी गाउँपालिकाले काठमाण्डौमा बसोबास गर्दै आएका र लकडाउनका कारण समस्यामा परेका गाउँपालिकाभित्रका नागरिकलाई वैशाख १५ र १६ गते जिल्ला ल्याउने निर्णय गरेको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार जिल्लाका दश ओटै स्थानीय तहले ९ हजार ३ सय ५२ घरका असंगठित क्षेत्रका श्रमिक र असहायलाई राहत वितरण गरेको छ । सिर्जना सहकारी संस्था लिमिटेडले सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा वैशाख १४ गते २५ हजार रुपियाँ सहयोग गरेको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १४ गते काठमाण्डौ बसोबास गरिरहेका २ सय ९२ जनालाई जिल्ला ल्याइएको छ । स्थानीय तहहरूको समन्वयमा ८६ जना महिला १ सय ९१ जना पुरूष र १५ बालबालिकालाई जिल्ला ल्याइएको हो । उद्दार गरी ल्याएइका सबैलाई होम क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा बनेको १ सय बेडको कोभिड-१९ अस्पतालको मुख्यमन्त्री शेरधन राईले वैशाख १४ गते निरीक्षण गर्नुभएको छ । दुहबी नगरपालिकाले स्थापना गरेको विपद् कोषमा शाह सेवा समितिले वैशाख १४ गते ५५ हजार रुपियाँ सहयोग गरेको छ । मुस्लिम समुदायको धार्मिक पर्व रमजान पर्व लकडाउनलाई पुर्ण पालना गर्दै मनाउन सुनसरी प्रशासनले आग्रह गरेको छ । वैशाख १३ देखि शुरूआत भएको रमजान पर्वमा गरिने धार्मिक कार्यहरू घरमै गर्न प्रशासनले आग्रह गरेको छ । जिल्ला प्रशासन कार्यालय सुनसरीले वैशाख १४ गते विज्ञप्ति जारी गर्दै लकडाउनका पूर्ण कार्यान्वयन र पालन गर्न आग्रह गर्दै रमजान मनाउन आग्रह गरेको छ । प्रशासनले सामाजिक दूरी कायम गर्न अपिल गरेको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार उद्योग वाणिज्य सङ्घ भोजपुरले नौ ओटा स्थानीय तहलाई दश/दश हजार रुपियाँका दरले आर्थिक सहयोग गरेको छ । लकडाउनका कारण जिल्ला बाहिर समस्यमा परेका अरूण गाउँपालिकावासीको तत्काल उद्दार गर्न नेकपा अरूण गाउँपालिका कमिटीले वैशाख १४ गते विज्ञप्ति जारी गरी स्थानीय निकायसँग माग गरेको छ ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले कोरोना भाइरसको सम्भावित क्षेत्रमा स्वाब परीक्षणका लागि नमूना सङ्कलन सुरू गरेको छ । स्वास्थ्य कार्यालय प्रमुख मोहन सुवेदीका अनुसार वैशाख १४ गते त्रियुगा नगरपालिका -३ मोतिगडाका पाँच जना, वडा -५ देउरीका सात जना, वडा - ६ जलजलेका दश जना, वडा- १० बोक्सेका आठ जना, वडा-१२ डिएमगेटका २० जना, वडा-१३ तरकारी बजारका १५, जिल्ला अस्पतालमा रहेका १५ जना र वडा -३ मोतिगडा क्याम्पसको क्वारेन्टाइनमा रहेका १४ जना गरी ९४ जनाको

स्वाब सङ्कलन गरिएको छ । जमाती बसेको स्थान उदयपुरको चौदण्डीगढी नगरपालिका -५ सिवाईका स्थानीयमा गरिएको परीक्षण रिपोर्ट सबै नेगेटिभ आएको छ । प्रदेश सरकारको स्वास्थ्यकर्मी टोलीले वैशाख ११ गते सिवाई, त्रियुगा नगरपालिका -२ मोथियाहीमा सङ्कलन गरिएका ७८ जनाकै परीक्षणबाट रिपोर्ट नेगेटिभ आएको हो । सङ्कलन गरेको स्वाब नमूना कोशी अस्पताल विराटनगरमा परीक्षण गरिएको थियो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**